# माननीय उपाध्यक्षज्यूको मेलम्ची खानेपानी आयोजना भ्रमण

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले राष्ट्रिय गौरबका आयोजनाहरुको निरीक्षण र अनुगमनका क्रममा यही फागुन १७ र १८ गते मेलम्ची खानेपानी आयोजनाको भ्रमण सम्पन्न गर्नुभएको छ ।

उक्त अवसरमा माननीय उपाध्यक्षज्यूले यो राष्ट्रिय गौरबको काम रहेको र यस आयोजनालाई समयमा नै सम्पन्न गर्न सके देशको अन्य स्थानमा निर्माण भइरहेका आयोजनाहरुलाई पनि ठूलो हौसला मिल्ने तथा सरकार र देशप्रति जनताको विश्वास बढ्ने बताउनुभयो ।

उहाँले यो आयोजनालाई समयमा नै सम्पन्न गर्न आयोजना प्रमुख तथा कर्मचारीलाई निर्देशनसमेत दिनुभयो ।

माननीय उपाध्यक्षज्यूले आयोजनाको सुरुङ्ग, खानेपानी संकलन केन्द्र तथा अन्य भौतिक संरचना निर्माणस्थलको स्थलगत निरिक्षण गरी निर्माणसम्बन्धी प्रगति विवरणसमेत लिनुभएको थियो ।

चालु आर्थिक वर्षमा यस आयोजनाको लागि रु. ५ अर्ब ९८ करोड ४९ लाख २९ हजार बजेट रहेकोमा हालसम्ममा करिब रु.२ अर्ब ३ करोड ९५ लाख खर्च भइसकेको छ भने आयोजना सुरु भएदेखि हालसम्म करिब रु.२० अर्ब २९ करोड ३८ लाख खर्च भएको छ ।

२०५६ सालमा सुरुभएको आयोजनाको हालसम्म ९० प्रतिशत भौतिक प्रगति भएको र आगामि वर्षको आश्विन महिनादेखि काठमाडौंमा पानी वितरण सुरु गर्ने लक्ष रहेको छ ।

भ्रमण टोलीमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. सुनिलबाबु श्रेष्ठ र सह सचिब श्री तुलसीप्रसाद गौतमको समेत सहभागीता रहेको थियो ।

२०७३ फागुन १९